## सूचना ४

वाणिज्य मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम वाशिङ्टन डी. सी. मा हुने डेभलपिङ एकण्ट्री प्राइभेटाइजेशन प्रोग्राम गोष्ठीमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका रा. प. प्रथम श्रेणीका अधिकृत श्री अरुणचन्द्र प्रधानलाई मिति २०४५।३।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ५

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री मधुसूदन ढकाल क्वालालम्पुरमा हुने एशियाली तथा प्रशान्त क्षेत्रीय विकास केन्द्र (ए. पी. डी. सी.) साधारण परिषद्को पाँचौं अधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयका अतिरिक्त सचिव श्री पृथुनरसिंह राणालाई मिति २०४५।३।१५ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

श्री ५ को सरकारले मिति २०४५।१।१७ को निर्णयानुसार लोक सेवा आयोगको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही आयोगका अतिरिक्त सचिव श्री लवबहादुर प्रधानलाई कायम मुकायम मुकरर गरेको छ।

## सूचना ७

श्री ५ को सरकारले मिति २०४५।१।१७ को निर्णयानुसार जलस्रोत मन्त्रालयको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी जल तथा शक्ति आयोगका श्री भुवनेश कुमार प्रधानलाई कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।